(छ) "कार्यकारी निर्देशक" भन्नाले दफा २१ बमोजिमको कार्यकारी निर्देशक सम्झनु पर्छ।
(ज) "कर्मचारी" भन्नाले आयोगमा कार्यरत कर्मचारी सम्झनु पर्छ।
(झ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस आदेशअन्तर्गत आयोगले जारी गरेको निर्देशिका वा कार्यविधिमा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

३. **आयोगको गठन र कार्यक्षेत्र:** (१) सुदुर पश्चिम क्षेत्रको सर्वाङ्गीण एवं दिगो विकासका लागि विकास नीति तथा योजना तर्जुमा गरी कार्यान्वयन गर्न एक सुदुर पश्चिम विकास आयोगको गठन हुनेछ।

(२) आयोगमा देहायबमोजिमका अध्यक्ष र सदस्यहरू रहनेछन्:–

| | | |
|---|---|---|
| (क) | सुदुर पश्चिम क्षेत्रका स्थायी बासिन्दामध्येबाट नेपाल सरकारबाट नियुक्त एक जना | - अध्यक्ष |
| (ख) | सुदुर पश्चिम क्षेत्रमा स्थायी रूपमा बसोबास गरेकामध्येहरूबाट प्रतिनिधित्व हुने गरी नेपाल सरकारबाट मनोनित पांच जना | - सदस्य |
| (ग) | उपाध्यक्ष, गरिबी निवारण कोष | - सदस्य |
| (घ) | सचिव, अर्थ मन्त्रालय | - सदस्य |
| (ङ) | सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय | - सदस्य |
| (च) | कार्यकारी निर्देशक | - सदस्य –सचिव |

(३) अध्यक्ष र कार्यकारी निर्देशकले आयोगको पूर्णकालीन पदाधिकारीको रूपमा कार्य गर्नेछन्।

(४) आयोगको कार्यक्षेत्र सुदुर पश्चिम क्षेत्र हुनेछ।

४. **योग्यता:** देहायको योग्यता भएको व्यक्ति आयोगको अध्यक्षमा नियुक्त हुन सक्नेछः–

(क) नेपाली नागरिक,
(ख) सुदुर पश्चिम क्षेत्रका स्थायी बासिन्दा,
(ग) कुनै मान्यताप्राप्त विधामा स्नातकोत्तर उपाधि हासिल गरी योजना तथा अनुसन्धानका क्षेत्रमा कम्तीमा १० वर्ष काम गरी विशिष्टता हासिल गरेको,
(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा कसूरदार ठहर नभएको,
(ङ) नियतवस बैङ्कको ऋण नतिरी प्रचलित कानून बमोजिम कालोसूचीमा नपरेको।

५. **आयोगको काम, कर्तव्य र अधिकार:** यस आदेशमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) सुदुर पश्चिम क्षेत्रको विकासको सम्भावना र अवसरलाई अध्ययन गरी अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजनाको तर्जुमा, अनुगमन र मूल्याङ्कन गर्ने,
(ख) सुदुर पश्चिम क्षेत्रको विकास योजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्नका लागि उपयुक्त संरचना तथा संयन्त्रको निर्माण र विकास गर्ने,